दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक करियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्स्रोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३६ | अंक २१० | बुटवल | २०८१ साउन १२, गते शनिबार | नेपाल संवत ११४४ | Saturday July 27, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# लचिलो मौद्रिक नीतिले निजी क्षेत्र उत्साहित

**मौद्रिक नीतिमा महँगी वृद्धिदर ५ प्रतिशतमा सीमित गरिने, वैदेशिक रोजगारीमा जानेलाई बिनाधितो ऋण, सेयर धितो कर्जाको २० करोडको सीमा खारेज, चेक बाउन्स हुँदा कालो सूचीमा नपरिने, असारको ब्याज साउनमा तिरे हुने, चालु पुँजी कर्जा मार्गदर्शन पुनरावलोकन, निर्माण व्यवसायीको कर्जा मंसिरसम्म पुनर्तालिकीकरण, सानो कर्जा विस्तारलाई प्रोत्साहन, लघुवित्त संस्था मर्जरलाई प्रोत्साहन, कर्जा विस्तार १२ प्रतिशत, ऊर्जामा लगानी बढाइने, २ करोडसम्मको सहुलियत ऋण लिने उद्योगको सूची थपिने, विदेशी मुद्रा सटही सुविधा बढाइने, बैंक तथा वित्तीय संस्थामा एआइ प्रयोगलगायतका मुख्य विशेषता रहेका छन्।**

**लुम्बिनी संवददाता**
*बुटवल*

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति सार्वजनिक गरेको छ । शुक्रबार गभर्नर महाप्रसाद अधिकारीले सार्वजनिक गरेको मौद्रिक नीति उद्योगी व्यवसायीका लागि केही हदसम्म लचिलो भएकाले निजी क्षेत्रले सकारात्मकरुपमा लिएको छ । यो वर्ष पुँजीगत खर्च बढ्ने र निजी क्षेत्रमा जाने कर्जा सुधार हुने अपेक्षा गरिएको छ। व्याजदर पनि घटेको अवस्था रहेको, बैंकहरुमा लगानीयोग्य रकम बढे पनि कर्जा विस्तार नभएकोले लचिलो मौद्रिक नीतिलाई निरन्तरता दिइएको हो। मौद्रिक नीतिको सफल कार्यान्वयन हुन सके विकास निर्माणसँगै नागरिकहरूको जीवनमा समेत महत्वपूर्ण प्रभाव पार्न सक्छ। चालू आवमा रेमिट्यान्स वृद्धिदर सामान्य रहने भएकाले सञ्चिति केही कम हुने अपेक्षा गरिएको, शोधनान्तर स्थिति बचतमै रहने अनुमान रहेको गभर्नरको भनाइ छ।

**महँगी वृद्धिदर ५ प्रतिशत**

राष्ट्र बैंकले महँगी वृद्धिदर ५ प्रतिशतमा सीमित राख्ने भएको छ। आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर महाप्रसाद अधिकारीले गत वर्षको तुलनामा लक्ष्य घटाएका हुन्। गत आर्थिक वर्ष मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र कायम राख्न मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गरिने लक्ष्य राखेको थियो।

**वैदेशिक रोजगारीमा जानेलाई बिनाधितो ऋण**

सरकारले वैदेशिक रोजगारीमा जानेलाई बिनाधितो ऋण दिने भएको छ।नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको बजेटमा उल्लेख भएअनुसार बैंक खातामा विप्रेषण पठाउने प्रतिबद्धता गरे बिनोधितो कर्जा दिने व्यवस्था गर्ने घोषणा मौद्रिक नीतिमार्फत् सार्वजनिक गरेको हो।

**असारको व्याज साउनमा तिरे हुने**

असार मसान्तसम्मको कर्जाको व्याज साउन मसान्तसम्म भुक्तानी भए गत आर्थिक वर्षकै आम्दानीको रुपमा हिसाब मिलाउन सकिने भएको छ । कतिपय व्यवसायीले असार मसान्तभित्र बैंकको सावाँ तथा व्याज भुक्तानी गर्न नसकेकाले साउनभित्र बुझाउन सक्ने भएका हुन्। 'बैंक तथा वित्तीय संस्थाहरुको २०८१ असार मसान्तसम्मको अवधिमा पाकेको ब्याज २०८१ साउन मसान्तसम्ममा प्राप्त भएमा विद्यमान लेखामानको अधिनमा रही त्यस्तो रकमलाई आर्थिक वर्ष २०८०/०८१ मा आम्दानी बाँध्न पाउने व्यवस्था गरिनेछ।'-मौद्रिक नीतिमा छ।




**चालु पुँजी कर्जा मार्गदर्शन पुनरावलोकन**

नेपाल राष्ट्र बैंकले चालुपुँजी कर्जा मार्गदर्शन पुनरावलोकन गर्ने भएको छ। आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमार्फत् व्यवसायीले उठाउँदै आएको माग सम्बोधन गर्दै कार्यान्वयनलाई १ वर्ष धकेलेको हो।

» बाँकी ३ पेजमा

## निजी क्षेत्रमा कर्जा विस्तार सकारात्मकः ढकाल

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले राष्ट्र बैंकले कर्जा विस्तारलाई सहज बनाउने गरी सकारात्मक मौद्रिक नीति ल्याएको बताएका छन् । शुक्रबार नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीतिले निजी क्षेत्रमा १२.५ प्रतिशत कर्जा विस्तार गर्ने लक्ष्य राख्नु सकारात्मक रहेको बताए।

निर्माण व्यवसायीहरूको समस्यालाई पनि मौद्रिक नीतिमार्फत् सम्बोधन गरेको भन्दै उनले मौद्रिक नीतिको स्वागत गरे। बैंकको असल कर्जा गणना गर्ने प्रक्रिया ६ महिनासम्म बनाउनु बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिने ऋणहरूको लागि सहजीकरण गर्नु राम्रो पक्ष भएको उनले बताए।

## ७ बुँदा लागू भए राम्रो परिणाम आउँछ : अर्याल

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले मौद्रिक नीतिका ७ बुँदाले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने औंल्याएका छन्।

अर्यालका अनुसार साना/ठूला सबै व्यवसायी र व्यक्तिको चेक अनादारका कारण मात्र प्रतिष्ठान वा व्यक्तिलाई कालो सूचीमा नराख्ने व्यवस्था, वैदेशिक रोजगारीमा जाने युवायुवतीलाई बिना धितो ऋण, शेयर धरौटी राखेर लिन पाइने २० करोडको सिमा हटाइनु, निर्माण व्यवसायीले सावाँव्याजबापतको रकम बुझाउने समय सीमा मंसिर मसान्तसम्म थप गर्नु, मौद्रिक नीतिका सकारात्मक पक्ष हुन्। यस्तै जुन कम्पनी वा प्रतिष्ठान कालो सूचीमा रहेको छ, त्यसको लगानीकर्ताको अन्य फर्म वा कम्पनीलाई कुनै असर नपर्ने,लघु, घरेलु, साना तथा मझौला उद्यम, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई १ करोडको ऋण सीमालाई आधार दरमा २ प्रतिशत थपेर २ करोडसम्म उपलब्ध गराउने, लघुवित्त संस्थाको नियमनलाई प्रभावकारी गराउँदै मर्जरको नीतिलाइ प्राथमिकतामा राखिने र नियमित हुन नसकेका लघुवित्त ऋणीले निश्चित व्याज बुझाएमा ऋणको पुनर्तालिकीकरण गरिने बुँदाले अर्थतन्त्र चलायमान बनाउने अर्याल बताउँछन्। तर कार्यान्वयन प्रकृया कति सरल र सहज बनाउन सकिन्छ त्यसले परिणामलाई निर्देशित गर्ने उनको ठम्याइ छ।

## 'सन्दिपविरुद्ध पुनरावेदन नगर'

**लुम्बिनी संवाददाता**
*बुटवल*

क्रिकेटर सन्दिप लामिछानेसँग नाम जोडिएकी गौशाला २६ ले लामिछानेविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन नगर्न आग्रह गर्दै उच्च सरकारी वकिलको कार्यालय, पाटनमा निवेदन परेको छ।

क्रिकेटर सन्दिप लामिछाने मुछिएको बहुचर्चित बलात्कार मुद्दामा उनले सफाइ पाएका थिए। गत शुक्रबार मात्रै फैसलाको पूर्णपाठ सार्वजनिक भएको थियो।

'यो मुद्दाको कारण मलाई अत्यन्त तनाव भयो, झेल्नै नसक्ने अवस्थामा पुगेँ। मैले उच्च अदालत पाटनको फैसला स्वीकार गर्छु । सर्वोच्च अदालतमा पुनरावेदन नगरिदिनुहोला ।'-निवेदनमा उल्लेख छ।गौशाला २६ ले गैर सरकारी संस्थाले आफूलाई दबाबमा राखेर सन्दिपविरुद्ध मुद्दा चलाएको ती किशोरीले भनेकी छन्। जिल्ला अदालतले क्रिकेटर सन्दिप लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरी ८ वर्ष कैद फैसला गरेको थियो । जिल्लाले पीडितलाई नाबालिक भन्न नमिल्ने फैसला गरेको थियो। तर, उच्च अदालत पाटनले भने बलात्कारको वस्तुनिष्ठ प्रमाणको अभाव रहेको र पीडित नाबालिग नदेखिएको भन्दै लामिछानेलाई सफाइ दिएको थियो।

उच्च अदालतको फैसला बदर गर्नुपर्ने मागसहित सरकारी वकिल र पीडित गौशाला २६ सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन लिएर जाने बाटो खुला छ । उच्च अदालतको फैसला सार्वजनिक भइसकेपछि उच्च सरकारी वकिलको कार्यालयमा निवेदन पेश भएको हो।

## निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम कार्यान्वयनमा समस्या

**प्रतिमा गौतम**
*बुटवल*

सरकारले देशैभरका सामुदायिक विद्यालयका छात्राका लागि सेनिटरी प्याड निःशुल्क वितरण गर्न यथेष्ट बजेट छुट्टाए पनि बुटवल उपमहानगरपालिकामा यो रकम उपयोग हुन सकेको छैन।

बुटवल उपमहानगरपालिकाकी शिक्षा शाखाकी अधिकृत कमला चुँदालीले दिएको जानकारी अनुसार आर्थिक वर्ष २०७६/०७७ मा उपमहानगरमा लागू भएको कार्यक्रम त्यसपछि भने कार्यान्वयन हुन सकेको छैन।

सरकारले यो कार्यक्रमलाई प्रभावकारी बनाउन सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन ) कार्यविधि , २०७६ निर्माण गरी देशै भरी लागू गरेको छ। तर बुटवल उपमहानगर पालिकाका सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुले भने प्रयाप्त वा आवश्यक मात्रामा यो सुविधा उपयोग गर्न पाएका छैनन्। आर्थिक वर्ष २०७९/ ०८० मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन शीर्षकमा नेपाल सरकारको अनुदान रकम ५९ लाख ८२ हजार तथा सोही शीर्षकमा एस.इ.एसपी सोधभर्ना अनुदान रकम १० लाख ६५ हजार र एस.इ.एसपी सोधभर्ना हुने ऋण (वैदेशिक) रकम २१ लाख ६९ हजार रकम छुट्टाएको मा काम नहुँदा फ्रिज भएको छ।

त्यस्तै आर्थिक वर्ष २०८०/०८१ मा माथि कै शीर्षकमा नेपाल सरकारको अनुदान रकम ६६ लाख ६ हजार एस.इ.एसपी सोधभर्ना अनुदान रकम ११ लाख ९३ हजार तथा एस.इ.एसपी सोधभर्ना हुने ऋण (वैदेशिक) रकम २० लाख ५२ हजार रकम पनी कार्यन्वयन हुन सकेन।



यसै सन्दर्भमा लक्ष्मी माध्यमिक विद्यालय बुटवल ४ की प्रधानाध्यापक शान्ति शर्माले अध्यनरत छात्राहरुलाई अति आवश्यक परेको खण्डमा मात्र प्याड उपलब्ध गराउने गरेको बताइन् । 'अति आवश्यक परेको खण्डमा मात्र प्याड उपलब्ध गराउन सकेका छौं । विद्यालयको आन्तरिक स्रोतबाट ५० हजार बराबरको रकम खर्च भएको छ। विद्यालयको आर्थिक स्रोत पनि कमजोर भएकाले समस्या छ । यो विषयमा नगरको ध्यान जान पर्ने हो। पहिले जस्तो प्रअहरुको बैठक पनि हुँदैन,' प्रधानाध्यापक शर्माले भनिन्- 'असुरक्षित उपाय अपनाएर विभिन्न संक्रमणको सिकार भएको उदाहरण पनि भएकाले छात्राहरुले अब सहज हिसाबले प्याडको प्रयोग गर्न पाउने तरिकाले यो कार्यक्रमलाई निरन्तरता दिनुपर्दछ।'

त्यस्तै कान्ति माध्यमिक विद्यालय बुटवल ४ का प्रधानाध्यापक गोविन्द ज्ञवालीले आएको बजेट कार्यान्वयन नहुनु नगरपालिकाको कमजोरी भएको बताए । 'हामीले विद्यालयको आन्तरिक स्रोतबाटै सुरु भएको कार्यक्रमलाई निरन्तरता दिएका छौं । विद्यालयको १० लाख रुपयाँ खर्च भै सकेको छ । हामीले यस समस्याका बारेमा निरन्तर जानकारी गराएका छौं, तर सुनुवाइ नहुँदैन ।'-प्रधानाध्यापक ज्ञवालीले भने। उनले सेनेटरी प्याड विद्यालयमै उपलब्ध हुँदा विद्यालयमा छात्राहरुको उपस्थिति नियमित गराउन सहयोग पुग्ने ज्ञवालीले जानकारी दिए।

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि , २०७६ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामग्री उपलब्ध गराइ उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छोड्ने समस्य समाधान गर्न गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न र महिनावारी व्यवस्थापन साम्रगीको दिगो विसर्जन तथा पुनः प्रयोग गर्न सकिने सामग्रीको प्रयोग गर्नेतर्फ उत्प्रेरित गर्न वान्छनीय भएको प्रस्तावनासहित तयार पारिएको छ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ साउन १२ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

"किनारको अतिरिक्त
नदीको दायाँ बायाँ केही छैन,
नदी बग्छ त्यसैले किनार बग्दैन
त्यो स्थिर स्थापत्य जस्तो
नदी हेरिरहन्छ।"

– ईश्वरवल्लभ

('किनारको बोधि छैन' कविताबाट)

आद्यइतिहास

# अग्निपूजक आर्य जीवनमाथि असुर सभ्यताको प्रभाव

**मदनमणि दीक्षित**

शहरको निर्माण र त्यहाँ नागरिक जीवनको प्रारम्भ नै कुनै पनि समाजको सभ्यताको प्रथम सूचक हो। उत्पादन क्रियामा धातुको उपयोगलाई पनि सभ्यताको प्रारम्भ मानिएको छ। धातुको उपयोगबिना शहरको उत्पत्ति र विकास भएको देखिएको पनि छैन, त्यस्तै धातु उपयोग नगर्ने कुनै प्राचीन शहरलाई संसारको कुनै उत्खननले आजसम्म प्रकट गरेको पनि छैन कि ?

ऋग्वैदिक काल भने मृगको सिंगको टुप्पोलाई वाणको टुप्पोमा प्रयोग गर्ने–धातुपूर्व समाजदेखि लिएर कालो 'आयस' अर्थात् फलामको उपयोग गर्ने समुदायसम्मको देखिएको छ। परन्तु, ऋग्वैदिक आग्नेयहरूले धातु उपयोग गरेता पनि तिनको अर्थ व्यवस्थाले उत्तर भारतमा निकै पछि आएर मात्र पांचाल, विदेह, काशी, अयोध्या तथा हस्तिनापुरमा शहरहरूको निर्माण गऱ्यो यद्यपि भारतमा आर्य प्रवेशभन्दा कम्तिमा एक हजार वर्ष पूर्व नै शहरहरूको व्यवस्थित निर्माण सुरु भइसकेको थियो। अग्निपूजक आर्यहरूले सके ई.पू.३२०० तिर पश्चिम इरानमा निर्माण भईसकेको, आजसम्म थाहा भएका मध्ये संसारको दोस्रो पुरानो शहर, सुसा (संसारको पहिलो शहर भनेर मिश्रको मेम्फिसलाई मानिन्छ। मेम्फिसको स्थापना ई.पू.४१०० मा भएको थियो) लाई पनि देखेका थिएनन् भन्ने अनुमान हुन्छ। आर्यहरू भारतमा आउँदा सिन्धु सभ्यताका हरप्पा र मोहें-जो-डेरो जस्ता विख्यात शहरहरूले आफ्ना झन्डै एक हजार वर्षको जीवन बिताइसकेका थिए। त्यस पछि बाँकी रहेका सानातिना शहरहरूलाई मात्र ती आर्यहरूले देखे। अनि ती तिनतलासम्मका माटाका पर्खाल र काठको उपयोग गरेर बनाइएका घरहरू देखे पछि महा विस्मयमा परे। त्यस्ता अग्ला प्रासादहरू देखेर छक्क परेका आर्यहरूलाई छाप्रा बाहेक त्यस्ता तले र 'पक्की' घरमा बस्ने बानी नपरेको हुँदा लडाईंमा ती घरहरू माथि आफ्नो कब्जा भएपछि ती घरको उपयोग गर्न नजानेका अग्निपूजकहरू त्यस्ता घरलाई या त भत्काई दिन्थे नत्रभने आगो लगाएर खरानी पारिदिन्थे। रैथाने असुरहरूलाई लडाईंमा हराएपछि त्यस्ता गृहदाहका उल्लेखहरू वैदिक सुक्तमा पाइन्छन्। इन्द्रले, शम्बरासुरका उनान्सयवटा पुरलाई ध्वस्त पारेपछि मात्र सयौं पुरको उपयोगितालाई बुझेछन् र त्यो सयौं पुरमा आफू बस्न थालेछन्। इन्द्र र शम्बरबीच चालीस वर्षसम्म चलेको त्यो लडाईंको आफ्नो छुट्टै कथा जोर्न सकिन्छ। यो लेख निम्ति त्यो घटना प्रवाहमा चाख लाग्दो कुरा के छ भने शम्बरका ती पुरहरूलाई ध्वस्त पारे वापत इन्द्रले पुरन्दर (पुरलाई भत्काउने) भन्ने सम्मान र उपाधि पाएका थिए। गाउँले शहरलाई नसहेको कथाको नाउँ !

शम्बरका ती एक सयवटा पुर अर्थात् सैनिक गढ पंजाबको उत्तरमा चुरे पर्वतमाला र त्यसको उत्तरमा रहेको अनुमान गरिन्छ। त्यो पुर शृंखलामा अन्तिम गढ सतुद्रु (सतलज) नदीको पूर्व-'किल्ला कांगडा'मा थियो भन्ने धारणा बन्न थालेको छ अचेल।

अग्निपूजकहरू शहरिया सभ्यताको शत्रु रहे तापनि अल्प अवधिमै तिनीहरू त्यो सभ्यताबाट प्रभावित हुन थाले। वैदिक एकादश रूद्रका ठाउँमा रैथाने असुरहरूले पुज्ने गरेको लिङ्गदेव-महादेव, शिव, पशुपति र किराँतेश्वरहरू अवस्थित हुनु, पछिका वैदिक ब्राह्मण ग्रन्थहरूमा, आफ्नो मायाको बलले शहर र भव्य भवनहरू निर्माण गर्ने महान मायावीका नाउँबाट मय दानवले सम्मान पाउन थाल्नु, सिन्धु सभ्यताका व्यापारीहरू पणि असुरहरूलाई ऋग्वेदले ठाउँ-ठाउँमा मनपरी गाली गरेतापनि तिनका वैभव, तिनका किल्ला र तिनका धन सम्पत्ति गहना इत्यादिबारे मुखमा तीतो स्वाद खेलाउँदै उल्लेख गर्नु, सिन्धु सभ्यताबाट विविध तन्त्र र योगाभ्यास र योगसिद्धीलाई ग्रहण गर्नु, सिन्धु सभ्यतामा जरो गाडेको प्रकृति प्रधान सांख्य ज्ञानलाई आर्यहरूले ग्रहण गर्न थाल्नु तथा सिन्धु सभ्यतामा प्रचलनमा रहेको दास व्यवस्थालाई अग्निपूजकहरूले आफ्नो समाजमा स्वीकार गर्नु इत्यादिमा भारतका रैथाने असुरहरूका प्राचीन र सुमुन्नत समाजको सम्पर्कमा आएपछि आर्यहरूमा परेको प्रभाव र त्यसबाट शुरु भएका सामाजिक परिवर्तन देखा परेका हुन्। यो परिवर्तनको रूपभन्दा महत्त्वपूर्ण क्षेत्रका रूपमा पुराण वाचनलाई लिन सकिन्छ। वेदमा पुराणको उल्लेख हुनुबाट आफ्ना आदिरूपमा पुराणहरू वेदभन्दा प्राचीन ठहरिन्छन्। पुराण (पुराण-पुरानो कथा)हरू वेदभन्दा पृथक हुन् भन्ने कुरा आर्यहरूका आफ्ना प्राचीन जीवनबारे आफ्नै छुट्टै गाथाहरू थिए भन्ने कुरा वैदिक आरण्यक साहित्यबाट प्रकट हुन्छ। यसरी वैदिक गाथा-आरण्यक-तथा रैथाने पुराणहरू छुट्टाछुट्टै रहँदा पनि आर्यहरूका आफ्ना प्राचीन गाथा वैदिक साहित्यका रूपमा एकातिरबाट विलीन हुँदै गए भने अर्कोतिर ती रैथाने पुराणहरूमा आर्य गाथाहरू समाविष्ट हुँदै जानथाली पुराणका विषयवस्तु फरिँदै र कलेवरहरू दिन प्रतिदिन मोटा हुँदै गए।

भारतका रैथाने असुरहरू र भारत प्रवेश गर्ने अग्निपूजकहरूका सुरुको समानान्तर र परस्पर विरोधी जीवन पद्धति (सम्पूर्ण वैदिक साहित्य त्यो समानान्तरता र परस्पर विरोधको साक्षी छ) केही शताब्दिभित्रै एउटै त्यस्तो समान धारामा विकसित हुन थाल्यो जो न असुर रूपको न अग्निपूजक चरित्रको थियो अतः पूर्णतया नवीन जीवन पद्धतिको थियो। त्यो नयाँ जीवन पद्धतिको उदय उत्तर ऋग्वैदिककालदेखि बढि मात्रामा भयो र गौतम बुद्धको जन्मभन्दा केही शताब्दी पहिले नै आफ्नो पूर्णतामा पुग्यो। यो कुराको प्रत्यक्ष प्रमाणका रूपमा महाभारत गाथालाई लिन सकिन्छ। महाभारतमा आर्य र असुर दुवैको उपस्थिति छ तर ती दुवैका सामाजिक जीवन प्रवाह भने एक समान 'धर्म'मा प्रवाहित छन्।

त्यसरी भारतमा 'हिन्दूत्व'को प्रथम उदय भयो। उत्तर भारतीय समाजको ऐतिहासिक विकास प्रकृयाको अनिवार्य अंग र युगका रूपमा पंजाबदेखि गंगा-जमुनाका मैदानमा जन्मिएको नयाँ हिन्दू जीवन पद्धति 'देवासुर संग्राम'को युग समाप्ति पछिको अनिवार्यता थियो किनभने त्यो संग्राममा अग्निपूजकहरूका छल-कपट र मूढेबलले विजय पाएको थियो भने ती विजयीका सम्पूर्ण जीवन शैली र विचार दर्शन तथा धर्माचरणलाई यिनीहरूभन्दा निकै नै माथिल्लो सभ्यताका रैथाने असुरहरूले प्रभावित गरेका थिए। यसरी हेरेर म ती देवासुर संग्रामलाई त्यसमा संलग्न सबै पक्षको पूर्ण पराजय र त्यो पराजयबाट जन्मिएको एकदमै नयाँ प्रकारको सामाजिक जीवनको विजय ठान्छु।

त्यो जीवन्त सिन्धु सभ्यताका निर्णायक महत्त्वका चिह्नहरूबारे यहाँ केही उल्लेख गर्नु सामयिक हुनेछ।

ती सिन्धु नगरहरू योजनाबद्ध रूपमा निर्माण भएका हुनाले नगर सफाइ, व्यवस्थित अन्न भण्डार तन्त्र-मन्त्र-पूजा निम्ति निर्धारित स्थल, र पुश्कर सभागृह र नागरिकहरूका आमोद-प्रमोद निम्ति समेत व्यवस्था गरिएका आवास गहृ युक्त थिए। सिन्धु उपत्यकामा प्रथम पटक लेखन शिल्प (चित्र लेखन) तथा वैज्ञानिक गणना आधारित सूक्ष्म नाप र तौल अनि सके मुद्रा (?) व्यवस्थाले व्यवहार पाएका थिए। त्यो सभ्यता कृषि र कृषिभन्दा पनि बेपार (सामुद्रिक समेत)मा अडेको थियो तिनका हतियारहरू साह्रै कमजोर देखा परेकाबाट त्यो सभ्यताले युद्धबाट आफूलाई निकै टाढा राखेको थियो भन्न सकिन्छ। सिन्धुमा राजतन्त्र होइन कि गण व्यवस्था थियो जसमा देवीको पुजारी महाप्रोहित तथा गणकी महापुजारिणी (ग्रीसका मन्दिरकी महापुजारिणी-गणिका-हेटेरा)को प्रमुखता थियो। सिन्धु सभ्यतामा कृषिमा निजी स्वामित्व थिएन।

नृत्य, सङ्गीत, सुनका गहना, हाथीदाँतका कतुवा र पुतली, योग साधन, उत्पादन वृद्धि निम्ति तान्त्रिक प्रयोग, प्राणायाम, कपडा बुन्नु इत्यादि त्यहाँको आध्यात्मिक जीवन थियो। सिन्धु सभ्यताको सोझो र सक्रिय वेपारिक सम्बन्ध बाबिलोन, एलम मिश्र र अक्काडिसित थियो तथा ती मुलुकहरूका झन् उन्नत सभ्यता र रीति थिति तथा सामाजिक जीवनबाट सिन्धु सभ्यता निकै नै प्रभावित थियो। सिन्धुका बेपारीहरूसित एकसय बहना भएका ठूला र समुद्रगामी बेपारी उद्देश्यका नाउँहरू थिए। सिन्धुका वासिन्दाहरू या त अति नै प्राचीन समयमा त्यहाँ आएर बसेका यूरोपियड आर्य जातिका थिए अथवा दक्षिण भारतमा द्रविड निग्रो समुदायका मासिनहरू थिए।

त्यो सभ्यतालाई फलामबारे थाहा थिएन।

सिन्धु उपत्यका तान्त्रिक धर्मको रहेको थियो भन्ने कुरा त्यहाँ तन्त्र, योग र महादेव तत्वहरू फेला परेकाले गर्दा मात्र नभई सामान्य खेलौनाका रूपमा कुनै अवस्थामा पनि स्वीकार गर्न नसिकने खालका कैयौं नारी मूर्तिहरू फेला परेकाबाट ज्ञात हुन्छ। नारीलाई शक्तिका रूपमा पूजा गर्ने प्राचीन प्रथा सिरियाका फोनिशियाली (ऋग्वेदका पणिहरू)हरूमा आस्तार्तेको, मिश्रेलीहरूमा इसिसको र एशिया माइनरमा साइवेलीको पूजाको रूपमा प्रचलित थियो भने प्रजननशीलता र यौन पूजाको रूपमा सिन्धु उपत्यकामा शक्ति पूजाको रूपमा विकसित भयो। सिन्धुको शक्ति पूजामा कुलाचार र वामाचार दुवै पक्ष माथि भनिएका अन्य मुलुकहरूमा झैं उपस्थित थियो।

मातृसत्तात्मक समाजका ती पूजा र आराधना ऋग्वेदका प्राचीन मन्त्रहरूमा पाइँदैनन्। ऋग्वेदमा पूजा र हव्य पाउने नारी उषामात्र छिन्।

हो ऋग्वेदमा सरस्वतीको बारम्बार उल्लेख आउँछ तर शक्ति रुपिणी तवरमा भने होइन। वेदकी उर्वशी, शचि, जुहु, विप्पला, सरमा वा मुद्गला कोही पनि पूजा र आराधना योग्या अथवा हव्य पाउने देवीहरू होइनन्। स्वभावतया, के स्वीकार गर्नै पर्छ भने हिन्दू समाजमा वैदिक काल पछि देखा परेका देवी र शक्तिका आराधना आर्यइतर अतः रैथाने असुर स्रोतका थिए। हिन्दू समाजमा पछि गएर शक्ति उपासना र देवी आराधना व्यापक हुन जानमा सिन्धु उपत्यकाको प्रभाव मान्ने पर्ला।

त्यस्तो शक्ति केन्द्र रूपी एउटै मात्र नारी ऋग्वेदमा देखापर्छिन्। ती हुन् सिनीबाली। सिनीबालीको अर्थ चन्द्रमाको सम्पूर्ण लोप भएको औंसीको रात पनि हो। त्यो सिनीबाली गर्भ धारण गराउने तान्त्रिक शक्तिका रूपमा वेदमा देखा पर्छिन्। भारत आगमन पछि आर्यहरूले कृषि अर्थतन्त्र सुरु गर्दा तिनले रैथानेहरूको कृषि तन्त्रको देवी सिनीबालीलाई उत्पादन वृद्धिको स्वार्थमा लिएका हुन सक्छ।

(दीक्षितको पुस्तक 'त्यो युग'बाट साभार)

समीक्षा

# आलोचनात्मक दृष्टि बोकेका 'विवरूका कथाहरू'

**रामचन्द्र श्रेष्ठ**

आख्यानको अभाव रहको यस क्षेत्रमा विवरुका कथााहरू पढ्दै गर्दा मेरो मनमा एउटै प्रश्न छाइरह्यो, "आखिर कथा के हो ? के भएपछि र कति मात्रा पुगेपछि कथा बन्छ ?" कथाको परिभाषाको खोजी मेरो मनमा पहिलो पटक छाएको पनि होइन। ओ हेनरीको चरमोत्कर्ष दृश्यले भरिएको, चेखवको मनोवैज्ञानिक पुटले सजिएको, मैनालीको सरल वर्णनशैली र भवानी भिक्षुको 'मेरी सानी भतिजी प्रतिमा'मा रहेको मानसिकताको चित्रणले रगिंएका कथाहरूको मानसिकताले मैले विवरुका कथाहरूलाई छाम्ने प्रयास गरें। तथापि, मनमा अर्को प्रश्न पनि जाग्यो, के तुलना नै बुझ्ने प्रयास हो ? हुन त निरपेक्ष भन्ने केही हुँदैन सापेक्षताको हद कति सम्म हुन्छ ?

देवकोटाले कथालाई संसार चियाउन सक्ने सानो झ्याल भनेका छन्। तर, झ्यालको सानो आयतनबाट संसारको विशालतालाई कति पो चियाउन सकिएला र ? झ्यालबाट हामी एउटा दृश्य देख्न सक्छौं, त्यो दृश्यमा फेरबदल भइराख्ने सजीव जीवहरूको जीवनचर्या नियाल्न सक्छौं र तिनै दृश्यका आधारमा समग्र संसार बुझ्ने यत्न गर्नसक्छौं, अनुमान गर्नसक्छौं। कथा पनि यस्तै नै हुन्छ होला। जीवनको सबै आयामलाई नभएर कुनै क्षणको, कुनै निश्चित आयामलाई हामी अनुभूत गर्न सक्छौं र त्यहि आधारमा समग्र जीवनको अनुमान गर्नसक्छौं।

विवरूका कथाहरू पनि यस्तै कुनै क्षणका प्रस्तुतिहरू हुन्। विजय सागर, वनमाली निराकार र रुद्र ज्ञवालीका पाँच-पाँचवटा कथाहरूको संयुक्त कथा संग्रह नै 'विवरुका कथाहरू' हो। एउटै लेखकको फरक-फरक कथामा फरक-फरक भुमिका देखिन सक्ने स्थितिमा तीनवटै कथाकारलाई एउटै भाँडोमा थुपार्नु पक्कै अन्याय हुन्छ। मैले पढ्दै गर्दा तीनवटै कथाकारहरूमा केही फरकपन पाएँ। जस्तो विजय सागर सरल छन् र साधारण कथाकहरूमा प्रस्तुत हुन चाहन्छन्। वनमाली निराकार व्यङ्ग्यले सजाउन चाहन्छन् भने रुद्र ज्ञवाली शब्द र शैलीमा कलात्मकताको खोजी गर्छन्।

विजय सागरका कथाहरू सरल र बोधगम्य छन्। उनी त्यति झिलिमिली गर्दैनन्। आफूले समाजमा भोगेको, देखेको र अनुभूत गरेको विषयलाई टपक्क टिपेर कथामा उतार्छन्। उनका पात्रहरू सरल छन्। यतैकतै वरीपरिका जस्ता छन् अर्थात् समाजका सजिव पात्रहरूलाई बिना पुछपाछ, बिना शृंगार प्रस्तुत गरिरहेको पो हो कि भन्ने महसुस हुन्छ। उनीहरूको आक्रोश, विद्रो पनि कुनै दर्शन, भाषण र गतिविधीको प्रभावले होइन आफ्नै कटु भोगाईको परिणाम हो। जस्तो कि 'दरिद्र' कथामा हैजाको प्रकोपले गर्दा माछा बिक्री हुँदैन। अभाव झनै बढ्दै जान्छ र कहारको परिवारमा झनै दुःख बढ्दै जान्छ। माछा नखान भन्ने ठूलाबडाको आदेशलाई कहारकी स्वास्नी धनियाँले उल्लंघन गरिदिन्छे। माछा पोलिरहेका छोरा-छोरीलाई पिट्ने आफ्नो लोग्नेलाई उसले प्रश्न गर्छे, "हैजा नफैलिएको भए हामी गरिबले माछा पनि कहाँ खान पाउथ्यौं र ? केही नखाई त्यसै बस्ने हो भने हैजा नै लाग्नुपर्छ र हामीलाई ?" यो प्रश्न नै कथा र अझै एक पाइला अगाडि बढेर भन्नुपर्दा विजय सागरकै कथाहरू मध्ये मन नै रन्थनाइदिने हस्तक्षेपकारी संवाद हो। आखिर हुन्छ पनि त्यस्तै, त्यहि प्रश्नले कहार पुरै एकसय असी डिग्रीमा मोडिन्छ र माछा मार्न थाल्छ। त्यति नै बेलामा माछा खाएर गाउँमा हैजा नफैलाउने चेतावनी दिन आएको महेन्द्र ठाकुरलाई कहारको परिवारले उपेक्षा गरिदिन्छ। हो, यहि नै वर्गीय घृणा हो। उपेक्षाको कठोर प्रहार सहन नसकि जमिनदार ठाकुर मोटो जीउ हल्लाउँदै घोडामा भाग्छ, कहारको छोराछोरी ताली बजाउँदै रमाउँछन्। आफ्नो कटु अनुभवले पैदा हुने विद्रोहको यस्तै भावना 'गूरु आसन' कथामा पनि पाइन्छ। 'गुरु आसन' र 'दरिद्र' कथाहरू सागरका उत्कृष्ट कथाहरू हुन् कि ?

तर ६५ सालमा लेखिएको 'जिजिविषा' कथा पढ्दा भने इन्द्रबहादुर राईको 'रातभरी हुरी चल्यो' सम्झना भईरह्यो। के मान्छे मर्न नसकेको दुःखले मात्र बाँचिरहेको हुन्छ ? जीवनप्रतिको यो अल्छिलाग्दो आकर्षणको कारण के होला ? उता 'दान' कथा पढ्दा भने बीपीको 'श्वैतभैरवी'मा प्रयोग भएको विम्बको झझल्को आइरह्यो। कथामा म पात्रले गर्ने "के भौतिक वस्तुहरूको लबालबता नै उज्यालोको सही परिभाषा हो त ?" भन्ने प्रश्नले जीवनको अर्थको खोजी गरेको प्रष्ट हुन्छ। 'दान' कथा अध्यात्म र कोरा भौतिकताको द्वन्द्वको चित्रण हो। एउटाले खुट्टा नटेक्ने आदर्शको खोजी गर्छ भने अर्कोले आदर्श विहिन कोरा भौतिकताको वा वस्तुप्रतिको प्रेमको चाहना गर्छ। समग्रमा आक्रोश, व्यङ्ग्य, सामाजिक असन्तुलन र जीवनको घृणित पक्षको सरल उदांग्याई सागरका कथाका विशेषता हुन्। उनका कथाहरूमा वर्णन धेरै पाइन्छ भने संवाद कम।

वनमाली निराकार थोरै फरक छन्, सागर भन्दा। उनी पात्रहरूलाई केही मिलाउँछन्, केही लाली पाउडर दलिदिन्छन्, अलि बेग्लै बनाउन खोज्छन्। उनका कथाका विषयवस्तु एकदमै यथार्थ र सजीव लाग्छन् तर प्रस्तुति र कथानक यस्तो छ ती समाजको ठ्याक्कै फोटोकपी भने हुन्नन्। '२८६ त ड्राईभर भएछ' कथा पढ्दा कथाको ड्राईभरलाई यतै कतैको बसमा भेटिन्छ कि जस्तो लाग्छ। पाठकले हरेक बसका ड्राईभरलाई कथाकै ड्राईभरको रुपमा हेर्न, भेट्न खोज्छ। तर, कथाको ड्राईभर अलि फरक छ। त्यो प्रष्ट बोल्छ र भावनालाई बिनाबन्देज ओकलिदिन्छ। "तपाई लेखकहरू पनि त भाटगिरीमा लाग्ने हुन्छन् रे नि हो ?" भन्ने प्रश्न हामीले यथार्थका ड्राईभरहरूमा सजिलै पाउन सक्दैनौं तर 'कथाको ड्राइभर' भनिहाल्न मिल्ने पात्र चैं कथामा पाइन्न। पेशाले गर्दा निर्धारण हुने सामाजिक पहिचान एकदमै आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ। 'अनुतरित्त प्रश्नहरू' देशले भोग्नुपरेको अप्ठ्यारो परिस्थितिको सजीव वर्णन हो। कथा पढिसकेपछि पाठकले एक पटक सोंच्छ, उसको मनमा तरंगका लहरहरू दौडन्छन्। कथामा पाइने उदासी, आक्रोश, व्यङ्ग्य र समसमायिकता उल्लेखनिय छ। जेठो छोरा कारगिलको लडाईमा मर्छ, कान्छो छोरो युद्धको प्रभावले गाउँमा बस्न सक्दैन र विदेश हानिन्छ।

कसरी-कसरी ऊ इराक पुग्छ र अपहरित हुन्छ, मारिन्छ। रेडियो र टि.भी. नभएको घरमा आएको पत्रकारको जमातले वृद्धलाई प्रश्न गर्छ, "बुवा आतंककारीद्वारा छोरो मारिएको खबर सुन्दा पहिलो पटक कस्तो अनुभव गर्नुभयो ?" यो प्रश्न, यो संवाद जस्तो समकालिन संवेदनारहित पत्रकारिताप्रतिको कठोर व्यङ्ग्य अन्त कतै पाइन्छ ? 'जसका निम्ति शिर निहुरिन्छ' र 'हरिबाजे' को कथावस्तु एकदमै फरक लाग्छन्। पहिलो कथामा देखिने म पात्रको मनोविज्ञान, उसको अनुभुति र त्यसको परिवर्तनले कतै नाटकियपन देखायो कि भन्ने अनुभुती जाग्यो। "शायद अपिरिचत हुँदाहुँदै पनि आत्मिक चेतनाले जितेर श्रद्धा गर्छ, आदर गर्छ, सम्मान गर्छ र सँधै आफ्नो नजिक रहोस् भन्ने चाहन्छ तर बाहिरी चेतनाले त्यो बुझ्न सक्दैन र अर्कै अर्थ लगाउँछ" भन्ने वाक्यले कतै कथाकारले म पात्रलाई जोगाउन अलि बढी धृष्टता नै गरेको हो कि जस्तो लाग्छ। जीवनको सजीव स्वभाव आशा हो, उत्साह हो। जीवनको उत्साहित जवानीलाई उमेरको उचाईले रोक्न सक्दैन भन्ने प्रमाण हो 'हरिबाजे' कथा। स्वार्थी दुनियाँको हेलापात्र भएका हरिबाजे र सुमित्रा बज्यैको एक अर्काको सहारा बन्ने चाहना यौन र रुपको आकर्षणभन्दा माथि उठेको पवित्र प्रेमको अभिव्यक्ति हो। तर 'कुटिल मुस्कान' पढ्दा भने यो निराकारकै लेखनी हो र भन्ने लाग्यो। जासुसी कथाजस्तो यस कथा प्रशासन, सत्ता र राजनीतिको नाममा हुने भित्री चलखेल र त्यसको फोहोर प्रवृत्तिको उदाङ्ग्याई हो।

रुद्र ज्ञवाली निराकार र सागरभन्दा फरक छन्। उनी शिल्प र प्रस्तुतिको विभिन्नतालाई अनि ध्यान दिन्छन्। 'उत्खनन्' शैलीको हिसाबले उत्कृष्ट कथा हो। उत्खननको नाममा मौलिकता हराएको लुम्बिनी र पूर्वप्रेमीहरूको विह्वल मनको सुन्दर उत्खननलाई एउटै शिर्षकका सुन्दर ढङ्गले सजाइएको छ। अर्थात्, एउटै तीरले दुईटा प्रहार गरिएको छ। यौवनमा टाढिएका प्रेमी-प्रेमीकाको बुढ्यौलीमा भेट हुन्छ। "तिमी पनि त कम्ति बुढी भइनछौ। ऐना ल्याइदिउँ ?" भन्ने पूर्व प्रेमीको प्रश्नलाई "नयनको कि शिशाको ?" भन्ने प्रेमिकाको जवाफ मनै छुने संवाद हो। त्यस्तै 'मिस्टर एलर्जी' कर्मशील र जागरुक पत्रकारले वर्तमान समयमा भोग्नुपरेको पिडाको चित्रण मात्र होइन कि त्यस्ता पत्रकारलाई समाजले गर्ने उपेक्षाप्रतिको व्यङ्ग्य पनि हो। 'अखबारको मान्छे' संवादले भरिपूर्ण कथा हो। मानवता र युद्धको फरकखालको प्रभाव यसमा सजीव ढङ्गले चित्रण गरिएको छ। तर, 'गेलहीको गनतन्तर' पढ्दा निबन्ध पढेको भान हुन्छ। परिवर्तनका लागि साधारण जनताले गरेको बलिदान र नफेरिएको उनीहरूको जीवनशैलीले साँचो परिवर्तनको माग गर्दछ।

ज्ञवालीका पात्रहरू त्यति साह्रो उत्साही पात्र होइनन्। त्यसो त समग्र कथा संग्रहमा नै उति साह्रो उत्साहि, विद्रोही पात्रको कमी महसुस हुन्छ। एक अर्थमा कथाहरूमा गुनासो छ, वर्तमान स्थितिप्रति घृणा र आलोचना छ। तर कथाहरूले नयाँ संसारको आशा चित्रण गर्दैनन्। आलोचनात्मक यथार्थ मै सिमित छन् 'विवरूका कथाहरू'।

आख्यानको अभाव कम गर्ने यो संग्रह पढ्दा-पढ्दै गुनासाका लहरहरू सिर्जना हुन्छन्। कता-कता के-के नपुगेजस्तो अनुभव हुन्छ। शब्दहरूसँग खेल्न कथाकारहरूले कञ्जुस्याई गरेको हो कि कम मेहनतको प्रभाव हो, शैली एकनासको छ। कथाहरूमा दृश्य चित्रणको अत्यन्त अभाव महसुस हुन्छ। ३० सालमा 'दान' कथामा विम्बको सफल प्रयोग गर्ने विजय सागरले ६५ सालमा कथा लेख्दा पनि विम्ब, प्रतिकको प्रयोग, कथानकको प्रस्तुति र दृश्य निर्माणमा त्यतिसारो प्रगति गरेको देखिदैन। त्यस्तै '२८६ त ड्राईभर पो भएछ' कथामा जत्तिको प्रस्तुति शैली, संवादहरूको प्रयोग वनमालीका अरु कथाहरूमा पाईदैन। त्यस्तै ज्ञवालीको 'उत्खनन्' र 'अखबारको मान्छे' मा जस्तो संवादको प्रयोग अरु कथामा पाइदैन।

यति गुनासो गर्दागर्दै पनि ढुक्कका साथ म भन्न सक्छु 'विवरुका कथाहरू' यस क्षेत्रको साहित्याकाशमा हटाउनै नसकिने सशक्त कृति हो। अझ अगाडि बढेर भन्नुपर्दा यस कृतिका एकाध कथाहरूले नेपाली कथा मञ्चमा सशक्त हस्तक्षेप गर्ने क्षमता राख्छन्। पत्यार लाग्दैन भने काठमाडौंका साहित्यलाई मात्र साहित्य ठान्ने आँखाहरूले बिना पुर्वाग्रह एकपटक यस कृतिलाई पढे हुन्छ।

कविता

## सपनाका दृष्टिहरू



**विमल हमाल, युरेनस**

सपनाका खेती गर्न
उद्धत हरेक मनहरू
उब्जाउँछन्, निर्जीव स्मृति,
हरेक सपनाका दृष्टिहरूमा।
एक मस्तिष्कलाई गिजोलेर
उकालो, ओरालो, पार गरेर
भविश्यका नपुंसक चेतनाहरू,
जन्माउँछन्, एकपछि अर्को
अनी मार्छन्,
आफैँभित्र जन्मेका सपनाहरू
कङ्क्रिटको पहाड झैँ ढाल्छन्।
जब-जब,
रङ्गको रूप देख्छन्,
ओल्टाइ-पोल्टाइ
आधा शून्य नयनमा
तब- तब नाच्छन्,
बुर्कुसी मार्छन्,
हजारौं घायल सपनाहरूमा
कङ्गाल बनेर,
गहिरो नदी, अग्लो पहाड थिचेर
एक नजर अन्दाजमा
खुइलिन्छ, नजरका दृष्टि ॥
जन्माउँछन्, मार्छन्,
मिथ्या र उदण्ड
सपनाको रङ्गलिला
अनन्तमा देख्छन्,
एक सपनाकी परी
चुल्ठी गासेर ॥
जिज्ञासाको बिना उत्तरमा
भासिन्छन्, सपनाका महलहरू
दृष्टिहरू ओकल्छन्,
एक निग्रो नारी झैँ बनेर ॥

**चैन, मुगु**

गजल

## सुनझैँ हजारचोटि...

**बूँद राना**

सुनझैँ हजारचोटि खारे पो जिन्दगी हो
कुन बेहोसीले भन्छ हारे पो जिन्दगी हो ?
गमलामा फूल साऱ्यौ खासै कमाल के भो ?
बाँझो भूमिमा बिरुवा सझारे पो जिन्दगी हो।
हो, काल चञ्चले छ आफ्नै लहडमा चल्छ
त्यसलाई च्याप्प छोपी नारे पो जिन्दगी हो।
टाढै कतै बसेर हर्दम गिज्याउँछ जो
त्यो स्वर्गलाई भुइँमा झारे पो जिन्दगी हो।
दानी हुनका निम्ति दौलत हुनेले बाँड्छन्
मानिसले आफैँलाई बाँडे पो जिन्दगी हो।
मूर्दा हो जिउँदै त्यो जोजसले हार मान्यो
मृत्युले हार मानी छाडे पो जिन्दगी हो।
जतातते डढेलो लाग्दा हरियो देख्ने
दोषी नजरको जालो फारे पो जिन्दगी हो।
पर्दै नपर्दा दिक्क दिक्दार जिन्दगीमा
दुर्लभ बनेको चिट्ठा पारे पो जिन्दगी हो।
औँला समाती खोली तार्न सजिलो हुन्छ
तुफानबाट डुङ्गा तारे पो जिन्दगी हो।
अर्को जनम कसैले देख्यो न देख्न सक्छ
यही जिन्दगीमै बाजी मारे पो जिन्दगी हो।

# स्थापना दिवसको अवसरमा छात्रवृत्ति तथा रक्तदान






**गोविन्द घर्ती**
*देवदह*

रुपन्देहीको देवदहमा छात्रवृत्ति तथा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। देवदह व्यापार संघको ११औँ स्थापना दिवसको अवसरमा छात्रवृत्ति तथा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो। देवदह व्यापार संघले हरेक वर्ष आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान तथा छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ।

सोही अवसरमा देवदह नगरपालिका-१० मा रहेको जनप्रिय माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्यनरत पाण्डप घर्तीलाई छात्रवृत्ति प्रदान गरिएको संघले जनाएको छ। घर्तीलाई कापी, कलम, झोला, विद्यालय ड्रेस तथा एक वर्षमा लाग्ने फि नगद १२ हजार ९ सय ३७ रुपैयाँ प्रदान संघ गरेको हो । गरिब तथा विपन्न वर्गका बालबालिका शिक्षाबाट वञ्चित हुन परोस् भनेर वार्षिक रुपमा एक जना विद्यार्थीलाई संघले छात्रवृत्ति प्रदान गर्दै आइरहेको अध्यक्ष कोषबहादुर गुरुङ्गले जानकारी दिए।

संघको स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ६० प्वाइन्ट रगत संकलन भएको पवन पौडेलले जानकारी दिए। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोग रहेको थियो।

सोही अवसरमा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य जानकी न्यौपानेले संघले स्थापना दिवसको अवसरमा विद्यार्थीलाई छात्रवृत्ति प्रदान तथा रक्तदान गरेर राम्रो काम गरेको बताइन । उनले रक्तदानले कसैको जीवन बचाउन सकिने भएकोले विभिन्न संघसंस्थाले बेला बेलामा रक्तदान कार्यक्रम गर्न आवश्यक रहेकोमा जोड दिइन । उनले व्यवसायीहरुको समस्या समाधान गर्न आफू तत्पर रहेको जानकारी दिइन।

सोही अवसरमा बोल्दै देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले रगतका कारण कसैको ज्यान जान नपरोस् भनेर नगरपालिकाले वार्षिक रुपमा १५ प्वाइन्ट रगत निःशुल्क प्रदान गर्दै आइरहेको बताइन। उनले रक्तदान महादान भएकोले संघले स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको प्रति प्रशंसा गरिन।

यसैगरी व्यापार संघका लुम्बिनी प्रदेश महासचिव झविन्द्रप्रसाद कंडेलले प्रदेश सांसदहरु आफ्नो खुट्टामा उभिन नसक्दा बुटवलबाट दाङमा राजधानी सरेको बताए। उनले पछिल्लो समय आर्थिक मन्दीका कारण व्यवसायीहरु समस्यामा रहेको बताउँदै व्यवसायीहरुलाई माथि उठाउने गरी राज्यले नीति बनाउन आवश्यक रहेकोमा जोड दिएका थिए । उनले नेपालमा संघीयता आए पनि राजनैतिक दलका नेताहरुले केन्द्रकृत शासन व्यवस्था लागू गर्दा संघीयता ओझेलमा परेको बताए।

देवदह व्यापार संघका अध्यक्ष कोषबहादुर गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा देवदह-६, का वडाध्यक्ष खेमबहादुर थापा, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष गोविन्द ठड्राइलगायतले आ-आफ्ना भनाइ राखेका थिए। संघका उपाध्यक्ष पिताम्बर खरेलको स्वागत र महासचिव हरिलाल भण्डारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# महिला शिक्षिकाले मात्रै हाँकेको विद्यालय

**हिमाल न्यौपाने**
*गल्याङ*

चुलो चौकामा मात्र सीमित महिलाहरु अवसर पाए पुरुस सरह काम गर्न सक्छन भन्ने उदाहरण स्याङ्जाको एक विद्यालयले देखाएको छ। २०४६ सालमा स्थापना भइ हालसम्म महिलाहरु मात्रै प्रधानाध्यापक भएर प्रशासन चलाउँदै आएको स्याङ्जाको गल्याङ नगरपालिका ३ लल्याङस्थित ज्ञानज्योति आधारभूत विद्यालय जिल्लामै पहिलो महिला शिक्षिकाहरुले हाँकेको विद्यालय हो।

२०४६ सालमा स्थापना भएको स्याङ्जाको गल्याङ नगरपालिका ३ लल्याङमा रहेको श्री ज्ञानज्योति आधारभूत विद्यालयमा हालसम्म महिलाहरुले मात्रै विद्यालय सञ्चालन गर्दै आएका छन्। चुलो चौकामा मात्र सीमित महिलाहरु अवसर पाय पुरुषसरह काम गर्न सक्छन् भन्ने उदाहरण यो विद्यालयका शिक्षिकाहरुले देखाएका छन्।

बालकालिका विद्यालय प्रवेश गरेपछि घरमै बसेर अध्ययन गरेजस्तो महसुस हुने, छोराछोरी समान व्यावहार हुने भएकाले बालबालिकाको रोजाइमा यो विद्यालय परेको छ। ६१ विद्यार्थी रहेको विद्यालयमा ५ दरबन्दी तथा दुई कर्मचारी गरी सात जना महिला शिक्षिकाले पठन पाठन गराउँदै आएका छन् । आफूले सिकेका कुराहरु विद्यार्थीमाझ फरक ढंगबाट व्यावहारिक शिक्षा प्रदान गर्ने गरी शिक्षा दिने गरेको विद्यालयकी प्रधानाध्यापक सरस्वती भट्टराईले बताइन्।

गल्याङ नगरपालिकामा ७ संस्थागत, ६२ सामुदायिक र १ गुरुकुल विद्यालय रहेका छन् । पालिकामा ५ हजार २ सय ५६ विद्यार्थी संख्या रहेको भएता पनि ज्ञानज्योति आधारभूतमा अध्ययन गरेका विद्यार्थीहरु हरेक क्रियाकलापमा अगाडि देखिन्छन् । महिलामैत्री शिक्षिका भएको उक्त विद्यालयमा पालिकाले समेत विशेष ध्यान दिने गरेको गल्याङ नगरपालिका प्रमुख गुरुप्रसाद भट्टराईले बताए।

विद्यालय पठनपाठन, प्रशासन तथा सम्पूर्ण व्यवस्थापन पक्षलाई सरल तरिकाले सहजीकरण गर्दै आएको महिलामैत्री ज्ञानज्योति आधारभूत विद्यालयले जस्तै अन्य विद्यालयले पनि सरल तरिकाबाट व्यवहारिक शिक्षामा जोड दिन सक्ने हो भने अन्य विद्यालयमा पनि नतिजा राम्रो हुने विश्वास अभिभावकहरुको छ। महिलामा इमान्दारिता, लगनशिलता र कामप्रति महिलाहरुको अनुशासन रहने भएकाले महिलाहरुले चलाएको विद्यालय आफैँमा सफल रहने अभिभावकहरु बताउँछन्।

# खुद्रा किराना व्यवसायीलाई कर अभिमुखीकरण

बुटवल । नयाँ आर्थिक वर्ष शुभारम्भ भएको अवसरमा व्यवसायीहरुलाई नयाँ करका प्रावधानहरु तथा कर तिर्न सिकाउने उद्देश्यका साथमा खुद्रा किराना व्यवसायी संघ रुपन्देहीले आफ्ना सदस्यहरुलाई अभिमुखीकरण प्रदान गरेको छ। शुक्रबार बुटवलमा एक कार्यक्रमको आयोजना गर्दै कर अभिमुखीकरण तथा अन्तर्क्रिया गरिएको हो । आन्तरिक राजस्व कार्यालय बुटवलका प्रमुख खडानन्द खरेलले सहजीकरण गरेका थिए।

उनले व्यवसायीहरुले करको वास्तविकता नबुझि काम गर्दा निकै समस्या आइरहेको बताए । उनले व्यवसाय सञ्चालन गर्दा होस् वा बन्द गर्दा होस् व्यवसायीहरु अनिवार्य चनाखो हुनुपर्ने जनाए।

उनले सम्बन्धित व्यवसाय गर्दा आवश्यक पर्ने प्रमाणपत्रहरु, प्यान, दर्ता, करचुक्तालगायतका विषयमा ध्यान दिनुपर्ने बताउँदै वार्षिक कति कारोबार गर्नेले कसरी र कति बुझाउने भन्ने विषयमा सहजीकरण गरेका थिए, भने संघका सदस्यहरुले आ- आफ्ना जिज्ञासा राखेका थिए।

कार्यक्रममा संघ रुपन्देही अध्यक्ष महेन्द्र पोखरेल, संस्थापक अध्यक्ष टिकारम गैरे, , पूर्व अध्यक्षहरु कमला गौतम, गंगाधर न्यौपाने, ज्ञानु न्यौपाने , निवर्तमान अध्यक्ष मोहन बस्याल, सल्लाहकार कृष्ण पाण्डेय, शान्ति समाज रुपन्देही अध्यक्ष कृष्णप्रसाद भट्टराई, महासचिव दधिराम ज्ञवाली , प्रेस सल्लाहकार तेजेन्द्र केसीलगायतले बोल्दै कार्यक्रम प्रभावकारी भएको बताएका थिए।

# वालिङ बैंकर्स क्लबको अध्यक्षमा अर्याल

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

वालिङभित्र रहेका बैंकका शाखा प्रमुखहरुको वित्तीय अर्गानाइजेसन संस्था वालिङ बैंकर्स क्लबको विशेष साधरणसभाबाट अध्यक्षमा प्रेमनारायण अर्याल चयन भएका छन्। क्लबका अध्यक्ष उज्ज्वल श्रेष्ठको सरुवा भएपछि रिक्त रहेको अध्यक्षमा उपाध्यक्ष अर्याललाई सर्वसहमतिले अध्यक्षमा चयन गरिएको हो । अध्यक्षमा निर्वाचित भएका अर्याल गरिमा विकास बैंक वालिङ शाखाका प्रमुख हुन्। रिक्त रहको उपाध्यक्षमा एनएमबी बैंकका शाखा प्रमुख दीपक काफ्लेलाई चयन गरिएको छ भने अन्य पदाधिकारी भने पुरानै रहेको बैंकर्स क्लबले जनाएको छ।

सचिवमा राष्ट्रिय वाणिज्य बैंकका लिला गुरुङ, कोषाध्यक्षमा प्रभु बैंकका सन्तोष पौडेल र सह-सचिवमा लक्ष्मी सनराइज बैंकका मणी बस्याल रहेका छन् । सदस्यहरु वालिङ नगरपालिका भित्रका (क), (ख) र (ग) वर्गका बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख रहने व्यवस्था रहेको बैंकर्स क्लबका पूर्व अध्यक्ष उज्ज्वल श्रेष्ठले जानकारी दिए। यो क्लबमा बैंकका शाखा प्रमुखहरु मात्रै साधारण सदस्य बन्न पाउने व्यवस्था गरिएको छ।

जिल्लाकै मध्यभागमा रहेको वालिङ नगरपालिका बैंकहरुको हवका रुपमा परिचित छ । अहिलेसम्म (क), (ख) र (ग) वर्गका बैंकका २३ वटा शाखा रहेका छन् । क्लबले बैंकको सेवा सुविधादेखि सबै बैंकहरु बीचको समन्वयको भूमिका खेल्ने छ भने सामाजिक उत्तरदायित्वमा काम गर्दै बैंक वित्तीय सचेतना कार्यक्रम सञ्चालन गर्ने उद्देश्य रहेको क्लबका नवनिर्वाचित अध्यक्ष प्रेमनारायण अर्यालले बताए। बैंक-बैंकको समन्वय नहुँदा सेवाग्राहीमा पर्ने असुविधालाई सुविधामा जोड्ने गरी काम गर्ने अध्यक्ष अर्यालले बताए।

**लचिलो...**

हालको व्यवस्थाअनुसार व्यवसायीहरुले वार्षिक कारोबार रकमको २५ प्रतिशतसम्म चालुपुँजी कर्जा पाउँछन् । यदि उनीहरुले लिएको चालुपुँजी कर्जा सीमाभन्दा बढी छ भने सीमामा कायम गर्ने अवधि २०८२ असार मसान्तसम्म दिइएको छ । चालुपुँजी कर्जा मार्गदर्शनमा उल्लेखित भेरियन्स एनालाइसिस गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साउन १ गतेबाट लागू हुने गरी समयावधि थप गरिएको गभर्नर महाप्रसाद अधिकारीले जानकारी दिए।

अन्तर्राष्ट्रिय मुद्रा कोषको दबाबमा राष्ट्र बैंकले वित्तीय अनुशासन कायम गर्न भन्दै २०७९ कात्तिक १ गतेदेखि चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शन लागू गरेको थियो। व्यवसायीहरुले यसको व्यापक विरोध गर्दै आएका थिए।

**चेक बाउन्स हुँदा कालो सूचीमा नपरिने**

अब खातामा पर्याप्त नगद मौज्दात नभएको चेक काट्दा कालो सूचीमा नपरिने भएको छ । यसअघि चेक बाउन्स हुँदा कर्जा सूचना केन्द्रले कालो सूचीमा राखेर बैंकिङ कारोबार गर्न बन्देज लगाएको थियो ।उक्त व्यवस्थालाई खारेज गर्ने घोषणा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले २०८१/८२ को मौद्रिक नीतिमार्फत् गरेका छन्।

विद्यमान कर्जा सूचना तथा कालो सूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गरिने मौद्रिक नीतिमा भनिएको छ।

**लघुवित्त संस्था मर्जरलाई प्रोत्साहन**

मौद्रिक नीतिले लघुवित्त वित्तीय संस्थाहरु तथा तीनका शाखाहरु बीचको मर्जर तथा प्राप्तिलाई प्रोत्साहित गरिने भएको छ ।लघुवित वित्तीय संस्थाहरुले कर्जामा लिने व्याजदर तथा सेवा शुल्कसम्बन्धी नियामकीय व्यवस्थामा समसामयिक पुनरावलोकन गरिनेछ । परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरीकर्जा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था गरिनेछ ।कुनै निश्चित प्रदेश वा क्षेत्रमा आफ्नो कार्यक्षेत्र सीमित राखी कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई प्रोत्साहन गर्न थप व्यवस्था मिलाइने राष्ट्र बैंकले जनाएको छ।

**सेयर धितो कर्जाको २० करोड सीमा खारेज**

मौद्रिक नीतिले सेयर धितो कर्जाको २० करोडको सीमा खारेज गरेको छ।

केन्द्रीय बैंकले लगानीकर्ताले लामो समयदेखि राख्दै आएको माग पूरा गरेको हो । तर यसमा संस्थागततर्फको उक्त सीमा मात्र खारेज हुने राष्ट्र बैंकले जनाएको छ । संस्थागत लगानीकर्तालाई प्रोत्साहन गर्नको लागि २० करोडको सीमा खारेज गरे पनि लगानीलाई व्यवस्थापन गर्दै सन्तुलित बनाउन व्यक्तिगततर्फ पुरानै कायम गरिएको मौद्रिक नीतिमा छ । मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको परिस्थितिमा पुँजीबजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरुका लागि बैंक तथा वित्तीय संस्थाहरुले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम २० करोडको सीमा खारेज गरिने राष्ट्र बैंकले उल्लेख गरेको छ।

**कर्जा विस्तार १२ प्रतिशत पुऱ्याइने**

मौद्रिक नीतिले कर्जा विस्तारलाई १२ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ ।गत आवमा ११.५ प्रतिशत लक्ष्य राखिए पनि ५.१ प्रतिशत मात्रै कर्जा विस्तार भएको छ।

यस्तो अवस्थामा सरकारले आर्थिक वर्ष २०८१/०८२ को बजेटमा अनुमान गरिएबमोजिम ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न कर्जा विस्तार बढाउने लक्ष्य राखेको राष्ट्र बैंकले जनाएको छ । आर्थिक वर्ष २०८१/८२ को लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १२.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ।

**ऊर्जामा लगानी बढाइने**

राष्ट्र बैंकले ऊर्जा क्षेत्रमा लगानी अभिवृद्धि गर्ने नीति लिएको छ।

शुक्रबार मौद्रिक नीति जारी गर्दै केन्द्रीय बैंकले यस्तो नीति लिएको हो। नीतिअनुसार ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टीकृत संस्थाहरुबाट जारी गरिएका ऊर्जा बन्ड लगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई ऊर्जा क्षेत्रमालगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था मिलाउने भनिएको छ।

**दुई करोडसम्मको सहुलियत ऋण लिने उद्योगको सूची थपिने**

राष्ट्र बैंकले २ करोडसम्मको सहुलियत ऋण लिने उद्योगको सूची थप गर्ने भएको छ ।नयाँ मौद्रिक नीतिले कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित क्षेत्रहरु थप गर्ने भएको हो।

हाल लघु, घरेलु, साना तथा मझौला उद्यम्, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दरमा २ प्रतिशत विन्दुभन्दा बढी प्रिमियम थपेर ब्याजदर निर्धारण गर्न नपाउने व्यवस्था छ।

**सानो कर्जा विस्तारलाई प्रोत्साहन**

नेपाल राष्ट्र बैंकले सानो कर्जा विस्तार गर्न प्रोत्साहन गरेको छ । राष्ट्र बैंकले शुक्रबार चालु आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति सार्वजनिक गर्दै कर्जाको सीमा बढाइदिएको हो।

'दुई करोड रुपैयाँसम्मको कर्जा सीमालाई बढाएर २ करोड ५० लाख रुपैयाँ रेगुलेटरी रिटेल पोर्टफोलियोमा गणना गर्न पाउने व्यवस्था गरिने छ।'- मौद्रिक नीतिमा भनिएको छ।

गत माघ २९ गते १ करोड रुपैयाँको सीमा रहेको रेगुलेटरी रिटेल पोर्टफोलियोको २ करोड रुपैयाँ पुऱ्याएको थियो ।रेगुलेटरी रिटेल पोर्टफोलियोमा गणना हुने कर्जाको जोखिम भार ७५ प्रतिशतमात्रै हुने भएकाले यी क्षेत्रमा कर्जा विस्तार गर्न बैंकहरु आकर्षित हुनेछन्।

निर्माण व्यवसायीको कर्जा पुनर्तालिकीकरण

राष्ट्र बैंकले निर्माण व्यवसायीलाई २०८१ को मंसिरसम्म तिर्ने गरी पुनर्तालिकीकरण गर्ने भएको छ । राष्ट्र बैंकले निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाको लागि ६ वटा व्यवस्था गरेको हो।

निर्माण व्यवसायहरूलाई प्रवाह भएको कर्जाको सावाँव्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने भएको छ । राष्ट्र बैंकले चालू आवको मौद्रिक नीति सार्वजनिक गर्दै उक्त व्यवस्था गरेको हो। निर्माण व्यवसायहरूलाई कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्मको लागि चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश गर्ने छैन। निर्माण व्यवसायको लागि लिइने बैंकिङ सुविधा तथा कर्जाहरूमध्ये वासलात बाहिरको सुविधा उपयोग गर्दा क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्थाको सीमा सम्बन्धमा छुट्टै व्यवस्था हुने छ।

निर्माण व्यवसायीहरूको जमानतहरू दाबी भई सृजना भएको कर्जामा आर्थिक वर्ष २०८१/८२ का लागि ऋण सृजना भएको मितिबाट अन्य कर्जा सरह कर्जा वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्नेछ । जोइन्ट भेन्चर (जेभी) मा संलग्न कुनै पनि जेभी पार्टनर कालोसूचीमा परेको कारण अन्य जेभी पार्टनरको बैंकिङ काम कारबाहीमा असर नपर्ने व्यवस्था मिलाउनेछ ।नेपाल सरकारबाट निर्माण कार्यको म्याद नवीकरण भएमा बैंक तथा वित्तीय संस्थाबाट प्रदान भएको जमानत समेत नवीकरण हुनसक्ने व्यवस्था गरिएको छ।

**विदेशी मुद्रा सटही सुविधा बढाइने**

राष्ट्र बैंकले विदेशी सटही सुविधा बढाउने भएको छ ।राष्ट्र बैंकले व्यवसायको लागि ड्राफ्ट/टी.टी. को माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गर्ने भएको हो।

डकुमेन्ट एगजेन्ट पेमेन्ट र डकुमेन्ट एगनेस्ट एक्सेप्टेन्स माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी अमेरिकी डलर एक लाख कायम हुने भएको छ।

राष्ट्र बैंकले राहदानीबापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गर्नेछ।

नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गर्ने छ। अहिले वार्षिक ५०० डलर खर्च गर्न पाउने भएको छ । विप्रेषण आप्रवाह, भ्रमण, व्यापारलगायतका क्रियाकलापलाई थप सहज हुने गरी सटही गर्न सकिने विदेशी मुद्राहरुको विद्यमान सूची पुनरवलोकन हुने भएको छ ।सेवा आयातवापत बैंक तथा वित्तीय संस्थाबाट प्रदान गरिने विद्यमान सटही सीमालाई वार्षिक र क्षेत्रगत रुपमा तोकी यससम्बन्धी व्यवस्थालाई सहजीकरण गर्नेछ।

नेपाल सरकारका निकायलाई सार्वजनिक खरिद कानुनबमोजिम गरिएको खरिदको भुक्तानीको लागि आवश्यक पर्ने सटही सुविधामा ड्राफ्ट/टीटीको सीमा लागू नहुने एवम् एकभन्दा बढी भुक्तानीको माध्यम प्रयोग गर्न सक्ने गरी सहजीकरण हुनेछ।

**भुक्तानीको काम गर्ने कम्पनी पब्लिक लिमिटेड हुनुपर्ने**

भुक्तानीसम्बन्धी काम गर्ने सबै कम्पनी पब्लिक लिमिटेड हुनुपर्ने भएको छ।

राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमा भुक्तानी, समाशोधन र फछ्र्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरु पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने व्यवस्था गरिने उल्लेख गरेको हो । राष्ट्रिय भुक्तानी स्विच पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने पूर्वाधार र संस्थागत संरचना तयार पार्ने बताएको छ । नेपाल क्लियरेन्स हाउसले यससम्बन्धी सिस्टममा काम गर्दै छ। मौद्रिक नीतिमा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुबाट गरिने कारोबारलाई थप पारदर्शी बनाई उक्त संस्थाहरुको संस्थागत सुशासन अभिवृद्धि गर्नका लागि भुक्तानी सेवा प्रदायक संस्थाहरुले नियुक्त गरेका आधिकारिक प्रतिनिधिको कारोबारसम्बन्धी व्यवस्थामा पुनरवलोकन गरिने उल्लेख छ।

केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी अध्ययनका आधारमा होलसेल सीबीडीसीको प्रारूप तयार गर्ने कार्य अगाडि बढाइने केन्द्रीय बैंकको भनाइ छ।

**बैंक तथा वित्तीय संस्थामा एआई प्रयोग**

बैंक तथा वित्तीय संस्थामा एआई प्रयोग गर्ने व्यवस्था हुने भएको छ।

बैंकबाट इजाजतपत्रप्राप्त संस्थाले कृत्रिम बौद्धिकताको प्रयोगका विषयमा मार्गदर्शन बनाइने भएको हो।

चालू आर्थिक वर्षको मौद्रिक नीतिमा यससम्बन्धी व्यवस्था मिलाइने उल्लेख छ। 'बढ्दै गइरहेको डिजिटल प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै वित्तीय क्षेत्रमा प्रयोग हुने कृत्रिम बौद्धिकता सम्बन्धमा आवश्यक अध्ययन गरी यसबाट सृजना हुनसक्ने जोखिमहरु पहिचान गरी सोलाई न्यूनीकरण गर्दै कृत्रिम बौद्धिकतालाई अधिकतम सदुपयोग गर्न यससम्बन्धी मार्गदर्शन तर्जुमा गरिनेछ।'- मौद्रिक नीतिमा उल्लेख छ।

**निःशुल्क...**

यसै विषयमा बुटवल उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनालले सेनिटरी प्याड नगरका सम्पूर्ण विद्यालयमा यही भदौ १० गतेभित्र पुगिसक्ने दाबी गरे।

'पहिलेका वर्षमा किन भएन भन्ने कुराभन्दा पनि अहिले टेन्डर अनुसार कामलाई छिटो छरितो बनाउने प्रयत्नमा छौं।'- प्रमुख प्रशासकीय अधिकृत खनालले भने । उक्त कार्यविधिले सेनेटरी प्याड भण्डार, वितरण, प्रयोग तथा विसर्जनका लागि गर्नु पर्ने कामहरु समेटेको छ । संघीय शिक्षा मन्त्रालयका सचिवको नेतृत्वमा निर्देशक समिति, प्रदेश सामाजिक विकास मन्त्रालयका सचिवको संयोजकत्वमा प्रदेशस्तरीय सेनेटरी प्याड व्यवस्थापन सहजीकरण समिति, स्थानीय तहको उपप्रमुखको नेतृत्वमा स्थानीय तह स्तरीय सेनेटिरी प्याड व्यवस्थापन सहजीकरण समिति, प्रधानाध्यापकको नेतृत्वमा विद्यालयस्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहेको छ।

समाजमा छोरीलाई त्यसरी नै हुर्काइएको हुन्छ कि उनीहरु महिनावारीबारे कुरा गर्न नै अझैं पनि हिच्किचाउँछन् । नकारात्मक परिणाम स्वरुप महिनावारी हुँदा विद्यालयमा बताउन गाह्रो मान्छन्। यो विषयलाई चिर्न पनि कार्यक्रमलाई निरन्तरतामा लैजानु पर्ने यसै क्षेत्रका शिक्षाविद् आनन्दमान श्रेष्ठको विचार रहेको छ।

यसै सन्दर्भमा नगर प्रमुख खेलराज पाण्डेले यो विषय कार्यान्वयन हुन अब समय नलाग्ने बताउँछन्।

## विषय :-नामथर र जन्ममिति एउटै भएको सुचना ।

**जो जससंग सम्बन्ध छ।**

प्रस्तुत विषयमा जिल्ला अर्घाखाँची साविक हंसपुर गा.वि.स. वडा नं. ९ हाल मालारानी गाउँपालिका वडा नं. ७ बस्ने भीम बहादुर खड्का क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर **भीम बहादुर खड्का क्षेत्री**, जन्म मिति २०१३/०५/१५ (**30-Aug-1956**) भएको र भारतीय पेन्सन अभिलेख (**Reg.No. 5242786 X** ) मा नाम थर **BHIM BAHADUR THAPA,** जन्म मिति **31-Mar-1959** भई फरक भएता पनि उल्लेखित दुवै नामथर र जन्ममिति गरेको व्यक्ति एउटै भएको साथै निजको श्रीमती तारादेवी खड्का क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर **तारादेवी खड्का क्षेत्री**, जन्ममिति २०१६/०१/०६ (**19-Apr-1959**) भएको र श्रीमानको भारतीय पेन्सन अभिलेख (**Reg.No.5242786 X**) मा श्रीमतीको नाम थर **TARA DEVI,** जन्ममिति **08-Sep-1961** भई फरक भएता पनि उल्लेखित दुवै नामथर र जन्ममिति गरेको व्यक्ति एउटै भएको सम्पूर्णमा जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ।



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# तिलोत्तमाको सार्वजनिक सुनुवाइ




तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले चालू आर्थिक वर्ष २०८०/८१ को वार्षिक सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ। लुम्बिनी फ्रिडम मिडियाको सहकार्यमा नगरपालिका परिषरमा शुक्रबार आयोजित सार्वजनिक सुनुवाइमा नगरपालिकाको सेवा प्रवाह, सुशासन, विकास निर्माण, सहभागिता तथा आयव्ययको विषयमा स्थानीयले प्रश्न उठाएका छन् । सुनुवाइमा अनुत्पादक क्षेत्रमा गरिएको लगानी, विकास निर्माणको दिगोपना, सेवा प्रवाहमा सहजता, निर्माणाधिन सडक छिटो सम्पन्न हुनुपर्ने, सार्वजनिक सम्पत्ती अतिक्रमण रोकिनुपर्नेलगायतका गुनासा गरेका थिए।

कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाँणले तिलोत्तमा ३/३ वटा अन्तर्राष्ट्रिय सदस्यतासँगै गुणस्तर प्रमाणित नगरपालिका रहेको बताउँदै जनताका गुनासोहरुलाई आफूले सकारात्मक रुपमा लिएको बताउँदै आफू निर्वाचित भैसकेपछिको २ वर्ष कार्यकाल सफल रहेको बताए। जनताको गुनासोलाई सकारात्मक रुपमा लिएको बताउँदै उनले आगामी दिनमा गुनासो नआउनेगरी काम गर्ने प्रतिबद्धता समेत व्यक्त गरे।

आफूमाथि आएको प्रश्नको जवाफ दिँदै उपप्रमुख जगेश्वरदेवी चौधरीले नगरले तालिमहरु उत्पादकीय र उद्यमशिल भएको तथा अनुगमनका काम र न्यायिक समितिका कामहरु निरन्तर भइरहेको भन्दै आफ्नो क्षेत्रमा आएका गुनासाहरुलाई सकारात्मक मनन गर्दै आगामी दिनमा अझैं उत्कृस्ट काम गर्ने बताइन। उनले नगरपालिकाको समग्र विकासमा नागरिक पनि जोडिएको हुनाले केही त्यस्तो सुझाव भए तत्काल राख्नुपर्ने भन्दै नगरपालिकामा आफ्नो कार्यकालमा अझैं स्वर्णिम युग थपिएको जनाइन।

नगरपालिकाको समग्र स्थिति प्रस्तुत गर्दै प्रमुख प्रशासककीय अधिकृत नारायण अर्यालले नगरपालिकाको वार्षिक आय व्ययको अवस्था तथा सम्झौताअनुरुपका सम्पन्न योजना तथा कार्यक्रम दिर्घकालिन योजनाहरुको प्रगतिको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। सार्वजनिक सुनुवाइमा उठेका प्रश्नहरुको जवाफ दिँदै प्रमुख प्रशासककीय अधिकृत अर्यालले नगरपालिकाले अघि सारेका आयोजनाहरुमा जनताको समेत निगरानी हुनुपर्ने उल्लेख गरे।

लुम्बिनी फ्रिडम मिडियाको सहकार्यमा आयोजित सो सार्वजनिक सुनुवाइमा राजनीतिक दल, सरोकारवाला, विद्यालय, खानेपानी, वन, सहकारी, युवा तथा महिला समूहका प्रतिनिधि र पत्रकारहरुको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन पत्रकार विकास गौतमले गरेका थिए।

# नविनमा विद्यार्थी अभिमुखीकरण



बुटवल । रुपन्देहीको बुटवल उप-महानगरपलिका ११ देवीनगरमा रहेको नवीन औद्योगिक कदरबहादुर रीता मा.वि.ले नव आगन्तुक विद्यार्थी अभिमुखीकरण गरेको छ। कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेश शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त महानिर्देशक रेश्मीराज अर्यालले बै विद्यार्थी आ-आफ्नो क्षेत्रमा अब्बल बन्नसके व्यक्ति समाज र राष्ट्र सफल हुने बताए।

उनले नियमित रूपमा अनुशासित भएर अध्ययन गर्ने विद्यार्थी उत्कृष्ट हुने र उमेरका हिसाबले अति संवेदनशील उमेर समूहका विद्यार्थी कक्षा ११ र १२ का भएको बताउँदै कुलतबाट बच्नु पर्नेमा जोड दिए।

विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष कृष्णप्रसाद खरेलले विद्यार्थीहरु अनुशासित र लगनशील भएर अध्यन गर्न आग्रह गरे। कार्यक्रममा बहुमुखी क्याम्पसका उप-प्राध्यापक तथा लोक दोहोरी प्रतिष्ठान लुम्बिनी प्रदेश सचिव योगराज पोखरेल, उत्प्रेरणात्मक वक्ता डा. आविष्कार पराजुलीले सहजीकरण गरेका थिए। विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा कक्षा १२ विज्ञान समूहकी छात्रा आस्था पाण्डेयको सञ्चालनमा सम्पन्न कार्यक्रममा सहायक प्रधानाध्यापक अर्जुन खनालले विद्यार्थी आचार संहिता तथा अनुशासनको समग्र पक्षमा सहजीकरण गरेका थिए।

सहायक प्रधानाध्यापक तथा शिक्षा समूह इञ्चार्ज रोमनाथ घिमिरेले स्वागत मन्तव्य व्यक्त गरेका थिए। विज्ञान समूह इञ्चार्ज लक्ष्मी नारायण चौधरीले पठनपाठनसँग सम्बन्धित विषयवस्तुहरुका सम्बन्धमा सहजीकरण गरेका थिए। कार्यक्रममा अगष्ट १० देखि श्रीलंकामा सञ्चालन हुने कराँते प्रतियोगितामा ४५ केजी उमेर समूहबाट रेशमराज अर्याललाई उत्प्रेरणात्मक शुभकामनासहित पाँच हजार नगद प्रमुख अतिथिले हस्तान्तरण गरेका थिए।

२०८० को कक्षा ८ को आधारभूत तह परीक्षामा ४ जीपीए ल्याउन सफल अञ्जना ज्ञवाली र निष्मा चुँदालीलाई पुरस्कार प्रदान गरिएको थियो । विज्ञान, सिभिल इञ्जिनियरिङ, कानुन र शिक्षा समूहका विद्यार्थीहरुका लागि आयोजित अभिमुखीकरणमा सहभागीको तर्फबाट विज्ञान समूहकी हिरा सुनार, सिभिल इञ्जिनियरिङतर्फबाट प्रसुन रेश्मीले धारणा व्यक्त गरेका थिए।

# हवाइ दुर्घटनाका पीडितलाई सौर्यले सहयोग गर्ने




बुटवल । बुधबार भएको सौर्य एयरलायन्सको हवाइ दुर्घटनाका मृतकलाई एयरलायन्सले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

सौर्य एयरलाइन्स प्रा.लि.ले एक विज्ञप्ति जारी गर्दै -'अकल्पनीय जहाज दुर्घटनामा परि दिवंगत हुनु भएकोमा हामी अत्यन्त मर्माहत र भावविह्वल भएको उल्लेख गर्दै संस्थाले सधैं जीवन्त एवं चिर स्मरणीय इतिहासको रुपमा संरक्षण गर्ने विश्वास दिलाएको छ।'

प्रा.लि.का अध्यक्ष दिपक कमार पोखरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा 'सौर्य एयरलाइन्सको व्यवसायिक विकास र विश्वसनियता आर्जनका लागि उहाँहरुले निष्ठा पूर्वक पुऱ्याएको साथ, सहयोग र योगदानको उच्च कदर गर्दै पीडित परिवारजनलाई कम्पनीको तर्फबाट हुन सक्नेसम्मको सहयोग, साथ र सदभाव सधैं रहने विश्वास दिलाएको उल्लेख गरेका छन्।'

अध्यक्ष पोखरेलले प्रतिष्ठित विज्ञहरुको क्षतिको कल्पना नै गर्न नसकिने उल्लेख गर्दै कम्पनीले मात्रै होइन, परिवार, समाज र राष्ट्रले समेत होनहार विज्ञ व्यक्तित्व गुमाउनु परेको भन्दै दुःख प्रकट गरेका छन्।

साथै उपचाररत क्याप्टेन मनिष शाक्यको शिघ्र स्वास्थ्य लाभको कामना समेत गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

# कृष्णनगर भन्सारमा क्वारेन्टाइन चेकबिनै भित्रिए तीन ट्रक आँप




कपिलवस्तु । कृष्णनगर भन्सार कार्यालयबाट क्वारेन्टाइन चेकबिनै तीन ट्रक आँप भित्रिएको पाइएको छ। साउन ९ गते भारतबाट आँप ल्याएका तीन ट्रकलाई कृष्णनगर भन्सार कार्यालयले क्वारेन्टाइन चेकबिनै नेपाल प्रवेश गराएको हो । फलफूल, तरकारी, खाद्यान्न जस्ता कृषि उपज क्वारेन्टाइन चेक गरेर मात्र नेपाल भित्राउनुपर्ने कानूनी प्रावधान छ। तर कृष्णनगर भन्सारले क्वारेन्टाइन रिपोर्टबिनै आँप बोकेको तीन वटा ट्रकलाई नेपाल प्रवेश गराएको छ।

व्यापारीसँगको आर्थिक मिलेमतोमा भन्सारका कर्मचारीले यस्तो गैरकानुनी काम गरेका हुन् । तीन वटा आँप बोकेका गाडी क्वारेन्टाइन चेकबिनै नेपाल प्रवेश गराएका गाडीलाई सीमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीले नियन्त्रणमा लिएका छन् । क्वारेन्टाइन रिपोर्टबिनै नेपाल प्रवेश गरेका तीन वटा आँप बोकेका मिनी ट्रकलाई नियन्त्रणमा लिइ कारबाही गरिएको क्वारेन्टाइन कार्यालय कृष्णनगरका प्रमुख बुद्धिराम भट्टराईले बताए। उनीहरुलाई डेढ लाख जरिवाना गरिएको उनले जनाए। भन्सारहुँदै नेपाल भित्रने सबै सवारीसाधनमा चेकजाँचलाई कडाइ गरिएको उनले बताए।

'विषादी चेकबिनै नेपाल आउँदै गरेका ट्रकलाई भन्सारले कुन कानून टेकेर नेपाल छिर्न दियो, गम्भीर अनुसन्धानको विषय बनेको छ,'-भट्टराईले भने-'आर्थिक लेनदेनको मिलेमतोबिना यसरी क्वारेन्टाइन चेकजाँच नगर्नुपर्ने कारण हुँदैन। राजस्व चुहावट बढिरहेकाले कृष्णनगर भन्सारले पछिल्ला वर्ष तोकिएको राजस्व पनि उठाउन सकेको छैन।

कृष्णनगर भन्सार कार्यालयका प्रमुख मानबहादुर पौडेलले सबै गाडीहरु जाँचपास गरेर पठाइने गरेको दाबी गरे। विषादी चेकबिनै आँप बोकेका ट्रक नेपाल भित्रिएकोबारे आफूलाई कुनै जानकारी नभएको उनको जिकिर छ। एउटा प्रज्ञापनपत्रबाट धेरै गाडी आउने हुँदा छुटेको हुनसक्ने उनको तर्क छ।

# 'ट्रंकलाइन बक्यौता रकम असुल गरिन्छ'



बुटवल। नेपाल विद्युत् प्राधिकरणले उद्योगहरूमा रहेको डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता रकम असुल गर्ने अडान राखेको छ।

प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले लोडसेडिङको बेला आम उपभोक्तालाई भन्दा पनि ६ वटा उद्योगमा सस्तोमा दिइएको उल्लेख गर्दै त्यसलाई असुली गर्ने अडान राखेका हुन्।

शुक्रबार संघीय संसद प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा उनले विना बिल सो लाइनको बक्यौता रकम असुली गर्न खोजिएको भन्ने भनाइ पनि सत्य नभएको दाबी गरे।

'हाम्रो बिल नै थिएन । नभएको बिल जेनेरेट गऱ्यो भन्ने कदापि होइन। हाम्रो जुन इनर्जी छ। त्यो सधैं रेकर्डेड इनर्जी हो। त्यसमा थप प्रिमियम लगाएर मात्रै बिलिङ गरिएको अवस्था हो। त्यो भएको हुनाले यसलाई हामी उठाउनुपर्छ भन्ने लाइनमा हो।'-उनले भने।

रेकर्डेट विद्युत्मा प्रिमियम जोडेर ती उद्योगहरूमा बिल पठाएकाले त्यसमा बिल थिएन भन्ने कुरा सत्य नभएको प्रबन्ध निर्देशक घिसिङको भनाइ थियो। उनले लोडसेडिङको बेला आम उपभोक्तालाई प्रतियुनिट विद्युत् १३ रुपैयाँ हुँदा पनि उद्योगका लागि साढे ८ प्रतिशत मात्रै मूल्य तोकिएको स्मरण गराए।

डेडिकेटेड र ट्रंकलाइनको लोडसेडिङको बेलामा इन्डियाबाट पनि आयात गरेको उनले बताए। केही समय लोडसेडिङ घटाउने गरेर हेटौंडा डिजेल प्लान्ट पनि चलाएको र आयात लागत बढेको तर डेडिकेटेडको पैसा तिर्दासाढे ११ रुपैयाँभन्दा बढी नपरेको घिसिङले जनाए। प्रबन्ध निर्देशक घिसिङले दक्षिण एसियामा भुटानबाहेक नेपालको विद्युत् सबैभन्दा सस्तो भएको जानकारी पनि दिए।

उनले आफूले प्राधिकरणको नेतृत्व लिएपछि हालसम्म करिव २५ प्रतिशत विद्युत् महसुल घटाएको र करिब २५ लाख सर्वसाधरणलाई निःशुल्क विद्युत् उपभोग गर्ने अवस्था बनाएको दाबी समेत गरे।

उनले नेपालको विद्युत् सस्तो भएको र आफू आएपछि ३ पटक मूल्य घटाएको पनि बताए।





आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com